# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२६ गते।

# प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी नगेन्द्र प्रसाद सापकोटासमेत रहेको गैरकानूनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट देउराली माध्यमिक विद्यालय, गुल्मीका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र प्रसाद सापकोटा समेतका प्रतिवादीहरु उपर गुल्मी जिल्ला, देउराली माध्यमिक विद्यालय, कालिगण्डकी-१, हर्मिचौर विद्यालयमा बेपत्ता रहेका व्यक्तिको कागजात लिई शिक्षकको रुपमा नियुक्ति भएको देखाई, झुट्टा हाजिरी विवरण, झुट्टा तलब बुझेको भरपाई बनाई मिलेमतोमा गाउँपालिकाबाट तलब निकाशा गरी हिनामिना गरेको तथ्य स्थापित भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा ९ बमोजिमको कसुरमा बिगो रु.८,८७,८८०।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवानासमेत सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।०२।०१ को फैसलाबाट आंशिक सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०८।२६ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

सहायक प्रवक्ता<br>
गणेश बहादुर अधिकारी